"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान "

# माई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिरुटी, इलाम

फोन: ०२७४१२२२२
वेबसाइट: maimun.gov.np
इमेल: mainagarpalika@gmail.com

कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
च. नं.:

मिति : २०८२/०९/१८
ने.सं.११४६ पोहेलागा चतुर्दशी, शुक्रबार

## मनोसामाजिक परामर्शकर्ता करारमा सेवा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/१८)

माई नगरपालिकामा, सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (चौथो संस्करण) संचालन मागदर्शन,२०८१ दफा २७ को उपदफा (४) तथा माई नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०८२ बमोजिम खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा १ (एक) जना मनोसामाजिक परामर्शदाताको सेवा लिने (पदपूर्ती) गर्नुपर्ने भएकाले तपशिल बमोजिमको आवश्यक न्युनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ। तोकिएको दरखास्त फारममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी आवश्यक कागतजातहरु संलग्न गरी परिक्षा दस्तुर तिरेको रसिद वा भौचरको अर्धकट्टी समेत संलग्न गरी यस नगरपालिकाको कार्यालयमा १५ (पन्ध्र) दिन भित्र पेश गर्नुपर्नेछ।

प्रचलित कानुन बमोजिम रित नपुगेका उम्मेद्धारहरुको दरखास्त उपर कुनै कारबाही हुने छैन।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | किसिम | माग संख्या |
|---|---|---|---|---|---|
| १. | १/२०८२/८३ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ तह वा सो सरह | खुला | १ (एक) |

१. **आवश्यक न्युनतम योग्यता र अनुभव :**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तिर्ण गरेको र पोष्टग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ उत्तिर्ण गरेको।

(ख) मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलेलाई विशेष प्राथमिकता दिइनेछ।

(ग) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदिको ज्ञान भएको), नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

(घ) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

" स्थानीय प्राकृतिक श्रोत साधनको उपभोगको सुरुवात, यसैबाट सुरु हुन्छ माई नगरपालिकाको समृद्धिको आधार"

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(च) प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।

२. **तलब, सुविधा तथा अन्य सेवा शर्तः** स्थानीय तहको प्रचलित नियम र करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।

३. **उम्मेद्वारको उमेर:** महिलाको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको र पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।

४. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** माई नगरपालिकाको वेबसाइटबाट दरखास्त फाराम डाउनलोड गरी उक्त फाराम भरी शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरू आफैले प्रमाणित गरी दरखास्त फाराम साथ कार्यालयमा बुझाउनु पर्ने ।

५. **परीक्षा दस्तुरः रू.७,००।–**

६. **दरखास्त फाराम भर्ने मितिः** मिति २०८२/०९/१८ देखी २०८२/१०/०२ सम्म ।

७. **परिक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परिक्षा ।

८. **आवेदनको साथ संलग्न गर्नुपर्ने कागतजातहरु:**

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी

ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपी

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी

घ) तालिम वा अनुभव प्रमाणपत्रको प्रतिलिपी

ङ) पासपोर्ट साइजको फोटो ३ प्रति ।

*परिक्षा सञ्चालन हुने मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ । पाठ्यक्रम माई नगरपालिकाको वेवसाईट www.maimun.gov.np मा हेर्न सकिनेछ ।*

२०८२/०९/१७

..........................

**(चिरन्जिवी भट्टराई)**

**प्रमुख प्रशासकीय अधिकृत**

चिरन्जिवी भट्टराई
प्रमुख प्रशासकीय अधिकृत